# मुक्त कमैया पुनःस्थापन नीति नियम संगालो

## मुक्त कमैया पुनःस्थापनसंग सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश र कार्यविधिको संकलन

(आ.व. २०७५।७६ सम्मको संशोधन सहित)


नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग**

सिंहदरबार, काठमाण्डौ

२०७५

# मुक्त कमैया पुनःस्थापन

## संग सम्बन्धित नीति, ऐन, नियम, गठन आदेश र कार्यविधि संकलन

**(आ.व. २०७५।७६ सम्मको संशोधन सहित)**

सम्पादन संकलन समितिद्वारा तयार गरिएको

प्रकाशकः नेपाल सरकार,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग

प्रकाशन मितिः २०७५ माघ

सर्वाधिकार© प्रकाशकमा सुरक्षित

# प्राक्कथन

नेपालमा कमैया प्रथाको औपचारिक अन्त्य गरी मुक्त कमैयाहरुको पुनःस्थापन गर्ने कार्य भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्दै आएको छ। मुक्त कमैया परिवारलाई आर्थिक रुपले सक्षम बनाउन स्वरोजगार उन्मुख सीपमूलक तथा आयमूलक तालीम प्रदान गर्ने कामहरु भएका छन्। पुनःस्थापन र वृत्तिविकासका कामहरु चालु वर्षमा समेत सञ्चालन भइरहेको छ।

वि.सं. २०५७ श्रावण २ मा कमैया मुक्तिको घोषणा भएपछि जारी भएको कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ देखि हालसम्मका विभिन्न नीतिगत, कानूनी तथा कार्यविधिगत दस्तावेजहरु नै कमैया मुक्ति र पुनःस्थापनका मार्गनिर्देशकका रुपमा रहेका छन्। छरिएर रहेका यीनै नीतिगत व्यवस्था, नियम तथा कार्यविधिलाई संकलन गरी एकिकृत रुपमा अभिलेखन गरी पुनःस्थापन कार्यमा सहजता प्रदान गर्ने उद्देश्यले यो पुस्तिका प्रकाशन गरिएको छ। यसमा मूल दस्तावेज र सो मा भएका संशोधन समेत सिलसिलेवार ढंगवाट प्रस्तुत गरिएका छन्। दस्तावेजहरुको संकलन, अद्यावधिक, सम्पादन तथा प्रकाशनको क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सवैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रस्तुत पुस्तिकाको प्रकाशनले समयको वचत गर्ने, कार्यमा सहजता ल्याउनुका साथै यस क्षेत्रमा क्रियाशिल अनुसन्धानकर्ता, पाठकवर्ग एवं सरकारी तथा गैरसरकारी संस्थाको लागि समेत उपयोगी हुने विश्वास लिएको छु।

**सहसचिव शंकर बहादुर थापा**
**सदस्य-सचिव**
**मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग**

# विषयसूची


| सि.न. | विषय | पेज नं. |
|---|---|---|
| १ | नेपालको संविधान (२०७२) मा रहेको मुक्त कमैया सम्बन्धी व्यवस्था | १ |
| २ | चौधौं योजना (आर्थिक वर्ष २०७४-२०७५।७६) मा रहेको मुक्त कमैया सम्बन्धी व्यवस्था | २ |
| ३ | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ | ४ |
| ४ | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८ | १३ |
| ५ | मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६५ | २७ |
| ६ | भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८ | ४६ |

# नेपालको संविधान (२०७२) मा रहेको मुक्त कमैया सम्बन्धी व्यवस्था

## भाग-४

## राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

**५१. राज्यका नीतिहरूः** राज्यले देहायका नीतिहरू अवलम्बन गर्नेछः-

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(६) मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापन गर्ने,

# चौधौं योजना (आर्थिक वर्ष २०७४-२०७५।७६) मा रहेको मुक्त कमैया सम्बन्धी व्यवस्था

## परिच्छेद-४ : क्षेत्रगत विकास नीतिहरू

### ४.१.४ भूमिसुधार

२. **चुनौती तथा अवसरः** चुनौती वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु, सुकुम्वासी समस्या समाधान गर्नु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्नु, भूमि प्रशासनलाई मानव संशाधन समयानुकूल र प्रविधियुक्त बनाई स्तरीय सेवा प्रवाह र कार्यसम्पादन गर्नु, भूमिसम्बन्धी अभिलेखहरूलाई व्यवस्थित गर्नु र मुक्त कमैया तथा हलियाको शीघ्र पुनःस्थापन गर्नु भूमिसुधार र व्यवस्था क्षेत्रका मुख्य चुनौती रहेका छन् । अवसर भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनका लागि दोस्रो पुस्ता सुधार कार्यक्रम कार्यान्वयनमा ल्याउनु, व्यवस्थित बसोवास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन् ।

**३.५ कार्यनीति** (२). मुक्त कमैया तथा मुक्त हलिया पुनःस्थापन कार्य सम्पन्न गरिनेछ । (१)

**३.६ प्रमुख कार्यक्रमहरूः** (ग) भूमिसुधार कार्यक्रम, मुक्त कमैया, मुक्त हलिया तथा हरूवा, चरुवा पुनःस्थापन कार्यक्रम

१. मुक्त कमैया र हलियाहरूलाई पुनःस्थापन र ती परिवारहरूलाई सीपमूलक एवम् व्यावसायिक तालिम प्रदान ।

२. बँधुवा मजदुर निषेध सम्बन्धी कानुनको कार्यान्वयन र हरुवा चरुवाहरूको पुनःस्थापन ।

४. **अपेक्षित उपलब्धिः** मुक्त कमैया तथा हलियाहरूको पुनःस्थापन सम्पन्न भएको हुनेछ ।

## परिच्छेद-४ : क्षेत्रगत विकास नीतिहरू

### ४.१.२ पशुपन्छी

**३.५ कार्यनीतिः** (१०) पशुपन्छी पालक साना कृषक, कमलरी, मुक्त कमैया, हलिया तथा भूमिहीन विपन्न किसानलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ। युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी युवालक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रीत गर्दै साना तथा व्यावसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। (२)

## परिच्छेद : ६ अन्तरसम्बन्धित विकास नीतिहरू

### ६.१.१ लैगिंक समानता तथा महिला सशक्तीकरण

**३.५ कार्यनीतिः** (१६) वादी, कमलरी, कमैया, चेपाङ र राउटेलगायत वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। (३)

# कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८

लालमोहर र प्रकाशन मिति
२०५८।११।०९

२०५८ सालको ऐन नं. २१

**कमैया श्रम (निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** कमैया श्रम निषेध गर्न, मुक्त कमैयालाई पुनःस्थापन गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "कमैया श्रम (निषेध गर्ने सम्बन्धी ऐन,२०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कमैया श्रम" भन्नाले देहायका कारणबाट विना ज्याला वा न्यून ज्यालामा ऋणदाताको लागि गर्नु पर्ने श्रम वा सेवा सम्झनु पर्छ :-

(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,

(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,

(३) ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नको लागि,

(ख) "कमैया श्रमिक" भन्नाले भैंसवार, गैवार, वर्दिकार, छेकरवार, हरुवा, चरुवा, हली, गोठालो, कम्लहरिया वा अन्य यस्तै नामबाट कमैया श्रम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "कमैया ऋण" भन्नाले ऋणदाताबाट कमैया श्रमिकले लिएको नगदी, जिन्सी वा वस्तु सम्झनु पर्छ र सो शब्दले सौकी वा अन्य ऋण समेतलाई जनाउँछ ।

(घ) "ऋणदाता" भन्नाले कमैया श्रमिकलाई ऋण प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा वा अविवाहिता छोरी सम्झनु पर्छ र सो शब्दले घरको मुख्य भई काम गर्ने व्यक्ति नै कमैया श्रमिक भएकोमा निजका एकासगोलका अंशियार समेतलाई जनाउँछ ।

(च) "मुक्त कमैया" भन्नाले दफा ३ बमोजिम मुक्त भएको कमैया श्रमिक सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको मुक्त कमैया पुनःस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(ज) "कल्याणकारी अधिकृत" भन्नाले दफा १० बमोजिमको कल्याणकारी अधिकृत सम्झनु पर्छ ।

(झ) "कोष" भन्नाले दफा १२ बमोजिमको कोष सम्झनु पर्छ ।

(ञ) "कृषि श्रमिक" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## कमैया श्रम निषेध सम्बन्धी व्यवस्था

३. **कमैया श्रमिकबाट मुक्त हुने :** यो ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रुपमा काम गरेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट स्वतः मुक्त हुनेछ ।

४. **कमैया श्रमिकको रुपमा काममा लगाउन नहुने :** कसैले पनि यो ऐन प्रारम्भ भएपछि कसैलाई कमैया श्रमिकको रुपमा राख्न वा काममा लगाउन हुँदैन ।

## परिच्छेद-३

## कमैया ऋण सम्बन्धी व्यवस्था

५. **कमैया ऋण तिर्नु नपर्ने:** कमैया श्रमिकले ऋणदातासंग लिएको कमैया ऋण यो ऐन प्रारम्भ भएपछि ऋणदातालाई तिर्नुपर्ने छैन ।

६. **लिखत वा सम्झौता रद्द हुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र कमैया श्रमिक बीच कमैया ऋण लिने दिने सम्बन्धमा भएको लिखत वा लिखित वा अलिखित सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुनेछ ।

७. **बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नु पर्ने:** ऋणदाताले कमैया श्रमिकलाई कमैया ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

८. **समितिको गठन :** (१) मुक्त कमैयालाई पुनःस्थापन गर्ने सम्बन्धमा जिल्ला स्तरमा काम गर्नको लागि नेपाल सरकारले तोकिदिएको जिल्लामा मुक्त कमैया पुनःस्थापन तथा अनुगमन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) जिल्ला समन्वय समितिको प्रमुख - अध्यक्ष

(ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ग) जिल्ला शिक्षा कार्यालयको प्रमुख - सदस्य

(घ) जिल्ला प्रशासन कार्यालयको अधिकृत - सदस्य

(ङ) जिल्ला वन कार्यालयको प्रमुख - सदस्य

(च) भूमिसुधार तथा मालपोत कार्यालयको प्रमुख - सदस्य

(छ) श्रम कार्यालय रहेको जिल्लामा सो कार्यालयको प्रमुख - सदस्य

(ज) जिल्ला कृषि विकास कार्यालयको प्रमुख - सदस्य

(झ) जिल्ला स्तरमा रहेका बैंकिङ्ग कार्यालयका प्रमुखहरु मध्येबाट एकजना - सदस्य

(ञ) जिल्ला स्तरका किसान सम्बन्धी संघ संगठनहरु मध्येबाट एकजना -सदस्य

(ट) ट्रेड यूनियन सम्बन्धी संघ संस्थाहरुमध्येबाट बढीमा तीन जना -सदस्य

(ठ) कमैया श्रमिक सम्बन्धमा काम गरेका गैर सरकारी संस्थाहरुमध्येबाट एकजना -सदस्य

(ड) मुक्त कमैयाहरुमध्येबाट एकजना -सदस्य

(ढ) कल्याणकारी अधिकृत -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (झ), (ञ), (ट), (ठ) र (ड) बमोजिमका सदस्यहरुको मनोनयन समितिको अध्यक्षले गर्नेछ र निजहरुको पदावधि तीन वर्षको हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुक्त कमैयाको अभिलेख अद्यावधिक बनाउन लगाउने,

(ख) मुक्त कमैयाको पुर्नर्स्थापनाको लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) मुक्त कमैयाको पुनःस्थापनको लागि नेपाल सरकारबाट स्वीकृत कार्यक्रम कार्यावयन गर्ने,

(घ) कसैले कमैया श्रमिकका रुपमा कसैलाई काममा लगाए नलगाएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) मुक्त कमैयाको लागि आय आर्जन सम्बन्धी व्यवसाय गर्न आवश्यक पर्ने ऋण रकम उपलब्ध गराउन नेपाल सरकार, बैंक वा वित्तीय संस्थामा सिफारिस गर्ने,

(च) मुक्त कमैयाको लागि आवास, शिक्षा, रोजगारमुलक तालीम वा सीप विकास गर्ने सम्बन्धमा विभिन्न निकाय वा संघ संस्थासंग समन्वय कायम गर्ने,

(छ) मुक्त कमैयाहरुको हकहित सम्बन्धमा आवश्यक काम गर्ने,

(ज) तोकिए बमोजिम अन्य काम गर्ने ।

## परिच्छेद-५

## कल्याणकारी अधिकृत तथा अन्य व्यवस्था

१०. **कल्याणकारी अधिकृत :** नेपाल सरकारले मुक्त कमैयाको हकहित सम्बन्धमा आवश्यक काम गर्नको लागि नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई कल्याणकारी अधिकृतको रुपमा काम गर्न तोक्नेछ ।

११. **कल्याणकारी अधिकृतको काम, कर्तव्य र अधिकार :** कल्याणकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मुक्त कमैयाको अभिलेख तयार गर्ने,

(ख) मुक्त कमैयाको हकहितको सम्बन्धमा समितिबाट निर्देशित तथा सुम्पिएको काम गर्ने,

(ग) समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(घ) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१२. **कोष** : (१) मुक्त कमैयाको हकहितको सम्बन्धमा आवश्यक काम गर्नको लागि एक कोष रहनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, सरकार वा संघ संस्थाबाट नेपाल सरकार मार्फत् प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) कोषमा जम्मा भएको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषको सञ्चालन नेपाल सरकारले तोकेको प्रकृया अपनाई समितिको निर्देशनमा कल्याणकारी अधिकृतले गर्नेछ ।

१३. **न्यूनतम ज्यालादर निर्धारण गर्न सक्ने :** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कृषि श्रमिकको न्यूनतम ज्यालादर निर्धारण गर्नेछ ।

(२) कसैले पनि कृषि श्रमिकलाई ज्याला नदिई वा उपदफा (१) बमोजिम निर्धारित न्यूनतम ज्यालादर भन्दा कम ज्याला दिने गरी काममा लगाउन हुँदैन ।

१४. **बसोबास तथा रोजगारको व्यवस्था गर्ने:** नेपाल सरकारले मुक्त कमैयालाई तोकिए बमोजिम बसोबास, रोजगार तथा आय आर्जनको व्यवस्था गर्नेछ ।

## परिच्छेद-६

## उजुरी, सजाय र पुनरावेदन

१५. **उजुरी गर्न सक्ने :** (१) कसैले यस ऐन विपरीत कुनै काम गरेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय निकायका पदाधिकारीले आफूसंग भएसम्मका सबूद प्रमाण संलग्न गरी मुद्दा हेर्ने अधिकारी समक्ष लिखित उजुरी वा मौखिक सूचना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैले मौखिक सूचना गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो कुरा उजुरीको रुपमा तयार गर्न लगाई सूचना दिने व्यक्तिको सहिछाप गराउनु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम उजुर गर्ने व्यक्ति पुर्पक्षको लागि तारेखमा बस्नु पर्ने छैन ।

१६. **सजाय** : (१) कसैले दफा ४ विपरीत कसैलाई कमैया श्रमिकको रुपमा काममा लगाएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई पन्ध्र हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको यस ऐन बमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराई दिनेछ ।

(२) कसैले दफा ७ बमोजिम बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता नगरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गराई दिनेछ ।

(३) कसैले दफा १३ बमोजिम ज्याला नदिई वा न्यूनतम भन्दा कम ज्याला दिई कसैलाई काममा लगाएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गरी त्यसरी काममा लगाएको प्रत्येक दिनको यस ऐन बमोजिम निर्धारित न्यूनतम ज्यालादरको दोब्बर रकम त्यस्तो काम लगाउने व्यक्तिबाट काम गर्ने व्यक्तिलाई भराई दिनेछ ।

(४) कसैले यस ऐन विपरित भएको काम कारवाहीको जाँचबुझको सिलसिलामा कसैलाई बाधा विरोध गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(५) कसैले उपदफा (१), (२), (३) र (४) मा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम विपरीत अन्य कुनै कार्य गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(६) कसैले जानीजानी वा कसैलाई दुःख दिने नियतले झुट्ठा उजुर दिएमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई एक हजार रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(७) उपदफा (१), (२), (३), (४), (५) र (६) बमोजिमको काम गर्ने व्यक्ति सार्वजनिक लाभको पद धारण गर्ने पदमा भएमा वा यस ऐन विपरीत काम गरी सजाय पाइसकेको व्यक्तिले पुनः सोही काम गरेमा मुद्दा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई सो उपदफामा लेखिएको सजायको दोब्बर सजाय गर्नेछ ।

१७. **मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

१८. **पुनरावेदन** : यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-७

## विविध

१९. **मुद्दाको कार्यविधि** : यस ऐन अन्तर्गतको मुद्दा कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले ♦विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

♦ विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तरित

२०. **प्रमाणको भार** : कुनै लिखत वा सम्झौता कमैया ऋण दिने प्रयोजनको लागि गरिएको होइन भन्ने विषयमा प्रश्न उठेमा त्यसको प्रमाण पुऱ्याउने भार सो भन्ने व्यक्तिमा रहनेछ ।

२१. **प्रतिवेदन पेश गर्नुपर्ने** : (१) कसैले आफ्नो इलाकाभित्र कसैलाई यस ऐन विपरीत काममा लगाए नलगाएको सम्बन्धमा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले निरीक्षण गरी प्रत्येक छ महिनामा कम्तीमा एक पटक आफ्नो राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) कल्याणकारी अधिकृतले वर्षभरिमा समितिबाट भए गरेको कामको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२२. **नेपाल सरकारले निर्देशन दिन सक्ने** : मुक्त कमैयाको पुनःस्थापनको लागि नेपाल सरकारले समिति तथा कल्याणकारी अधिकृतलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समिति तथा कल्याणकारी अधिकृतको कर्तव्य हुन्छ ।

२३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**द्रष्टव्य** : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ बमोजिम रूपान्तर भएका शब्दहरूः- "श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।

# कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६८।८।२६

कमैया श्रम (निषेध गर्ने सम्बन्धी ऐन, २०५८ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "प्रमाणपत्र" भन्नाले नियम १४ बमोजिम प्रदान गरिएको समूह दर्ताको प्रमाणपत्र सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम १४ बमोजिम दर्ता भएको मुक्त कमैयाहरूको समूह सम्झनु पर्छ ।

३. **मुक्त कमैया को वर्गीकरणः** मन्त्रालयले मुक्त कमैयालाई बसोबास गराउन, रोजगार दिलाउन तथा आय आर्जन सम्बन्धी कार्यको लागि समितिको सिफारिसमा देहाय बमोजिम वर्गीकरण गर्नेछः-

(क) आफ्नो वा आफ्नो परिवारको नाममा घर र जग्गा नभएकोलाई "क" वर्ग,

(ख) सार्वजनिक वा सरकारी जग्गामा बसोबास गरेको र आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा नभएकोलाई "ख" वर्ग,

(ग) आफ्नो वा आफ्नो परिवारको नाममा दुई कठ्ठासम्म जग्गा र घर भएकोलाई "ग"वर्ग,

(घ) आफ्नो वा आफ्नो परिवारको नाममा दुई कठ्ठा भन्दा बढी जग्गा र घर भएकोलाई "घ" वर्ग ।

४. **परिचयपत्र दिने:** (१) नियम ३ बमोजिम गरिएको वर्गीकरणको आधारमा कल्याणकारी अधिकृतले मुक्त कमैयालाई परिचयपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परिचयपत्र दिँदा "क" वर्गको मुक्त कमैयालाई रातो रंगको, "ख" वर्गको मुक्त कमैयालाई निलो रंगको, "ग" वर्गको मुक्त कमैयालाई पहेलो रंगको र "घ" वर्गको मुक्त कमैयालाई सेतो रंगको परिचय पत्र दिइनेछ ।

५. **जग्गा सिफारिस गर्ने:** (१) समितिले मुक्त कमैयालाई बसोबास तथा खेतीको लागि आवश्यक पर्ने जग्गा पहिचान गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा सिफारिस गर्दा त्यस्तो जग्गा रहेको ठाउँ, कित्ता नम्बर, चार किल्ला, क्षेत्रफल तथा त्यस्तो जग्गामा बसोबास गराउन सकिने मुक्त कमैयाको सङ्ख्या समेत उल्लेख गर्नु पर्नेछ ।

(३) समितिले उपनियम (१) वमोजिम जग्गा सिफारिस गर्दा देहायका जग्गाहरूमध्येबाट बसोबास तथा खेतीका लागि सबै भन्दा उपयुक्त ठहर्‍याएको जग्गा सिफारिस गर्नु पर्नेछः-

(क) नेपाल सरकार, सरकारी कम्पनी, नेपाल सरकारद्वारा गठित समिति, आयोग वा विकास समिति ऐन, २०१३ अन्तर्गत गठित समितिका नाममा दर्ता भएको तर नेपाल सरकार, त्यस्तो कम्पनी, समिति वा आयोगले प्रयोग नगरेको जग्गा,

(ख) वन जङ्गल नभएको सार्वजनिक वा सरकारी जग्गा,

(ग) घना वन जङ्गल नभएको सामुदायिक वा अन्य वन क्षेत्रको जग्गा,

(घ) नदी धार तथा नदी सिमाना छुट्याई बाँकी रहेको सार्वजनिक वा सरकारी जग्गा,

(ङ) कुनै व्यक्तिको जग्गाको सिमानामा रहेको सार्वजनिक वा सरकारी जग्गा,

(च) मुक्त कमैयालाई एकपटक वितरण गरी नियम १० बमोजिम पुन: नेपाल सरकारको नाममा कायम गरिएको जग्गा ।

६. **जग्गा उपलब्ध गराउने:** (१) नेपाल सरकारले नियम ५ बमोजिम समितिले सिफारिस गरेको जग्गा मध्येबाट “क” र “ख” वर्गका मुक्त कमैयाको परिवारलाई बसोबास तथा खेतीको लागि बढीमा पाँच कठ्ठा जग्गा उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम जग्गा उपलब्ध गराउँदा संभव भएसम्म मुक्त कमैयाले उपभोग गरी आएको जग्गा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मुक्त कमैयालाई जग्गा उपलब्ध गराउन नसकिने भएमा नेपाल सरकारले जग्गा खरिद गरी उपलब्ध गराउन सक्नेछ ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि जग्गा खरिद गर्नको लागि यस नियमावली बमोजिम ऋण लिएका मुक्त कमैयालाई जग्गा उपलब्ध गराइने छैन ।

७. **उपलब्ध गराइने जग्गाको अधिकतम हद:** नियम ६ बमोजिम मुक्त कमैयालाई जग्गा उपलब्ध गराउँदा देहायको क्षेत्रमा देहाय बमोजिम उपलब्ध गराइनेछ:-

(क) नगरपालिका र राजमार्गसँग जोडिएको बजार क्षेत्रमा बढीमा एक कट्ठा,

(ख खण्ड (क) बाहेकको राजमार्गसँग जोडिएको अन्य क्षेत्रमा बढीमा दुई कट्ठा,

(ग) खण्ड (क) र (ख) बाहेकको अन्य क्षेत्रमा बढीमा पाँच कट्ठा ।

८. **जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्ने**: (१) नेपाल सरकारबाट नियम ६ बमोजिम जग्गा उपलब्ध गराउने निर्णय भएपछि कल्याणकारी अधिकृतले सम्बन्धित मुक्त कमैयालाई जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको जग्गाधनी दर्ता प्रमाण पूर्जामा त्यस्तो जग्गा कुनै बेहोराले धितो बन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाइने कुरा समेत उल्लेख गरिनेछ ।

९. **धितो बन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाइने**: (१) नेपाल सरकारले मुक्त कमैयालाई उपलब्ध गराएको जग्गा वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन वा कुनै पनि किसिमले कसैलाई हक हस्तान्तरण गर्न पाइने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुक्त कमैयाका कानुन वमोजिमका अंशियारका बीचमा अंशवण्डा गर्न र निजको शेष पछि निजका हकदारका नाममा नामसारी गर्न बाधा पर्ने छैन ।

१०. **नेपाल सरकारको नाममा कायम गरिने**: (१) देहायको कुनै अवस्थामा मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गा त्यस्तो मुक्त कमैयाको नामबाट लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गरिनेछः-

(क) कसैले झुट्टा विवरण पेश गरी मुक्त कमैयाको परिचयपत्र वा त्यस्तो परिचयपत्रको आधारमा जग्गा प्राप्त गरेको कुरा त्यस्तो जग्गा उपलब्ध गराइसकेपछि जानकारी हुन आएमा,

(ख) मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गामा निज वा निजको परिवारले बसोबास नगरेमा वा लगातार तीन वर्ष वा सोभन्दा बढी अवधि भोग चलन नगरेमा,

(ग) यो नियम प्रारम्भ हुनु भन्दा अघि नै मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गामा निजलाई बसोबास गराउन नसकिएकोमा ।

(२) उपदफा (१) को खण्ड (ग) को अवस्थामा मुक्त कमैयालाई अन्यत्र जग्गाको व्यवस्था गरिनेछ ।

११. <u>**रकम तथा निर्माण सामाग्री उपलब्ध गराइने:**</u> यस नियमावली बमोजिम जग्गा उपलब्ध गराइएका “क” वर्गका मुक्त कमैया र घर नभएका वा घर भएपनि सो ठाउँबाट स्थानान्तरण गरिएका “ख” वर्गका मुक्त कमैयालाई एउटा घर निर्माण खर्च वापत एकपटक नेपाल सरकारले निर्णय गरे बमोजिमको रकम र काठ उपलब्ध गराइनेछ ।

१२. <u>**समितिको अन्य काम, कर्तव्य र अधिकार**</u>: ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुक्त कमैयालाई बसोबास गराउन उपयुक्त जग्गाको पहिचान गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) यस नियमावली बमोजिम बसोबासको लागि जग्गा उपलब्ध गराइएका, जग्गा उपलब्ध गराउन बाँकी रहेका तथा जग्गा प्राप्त गरे पनि विभिन्न कारणले जग्गा भोग गर्न नपाएका मुक्त कमैयाको अद्यावधिक लगत तयार गर्ने,

(ग) मुक्त कमैयाको लागि विभिन्न निकाय तथा गैरसरकारी संघ संस्थाहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूको समन्वय गर्ने,

(घ) मुक्त कमैयाको आय आर्जन, व्यवसाय र रोजगार प्रबर्द्धनको लागि नेपाल सरकारले लागू गरेका कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सहयोग पुऱ्याउने ।

१३. <u>**कल्याणकारी अधिकृतको काम, कर्तव्य र अधिकार**</u>: ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कल्याणकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थासँग सम्पर्क र समन्वय गरी मुक्त कमैयाको लागि सीपमूलक तालीम तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्ने,

(ख) सीपमूलक तालीम लिएका मुक्त कमैयाको अद्यावधिक विवरण तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको पन्ध्र दिनभित्र मन्त्रालय समक्ष पेश गर्ने,

(ग) मुक्त कमैयाको आय आर्जन, व्यवसाय र रोजगारी प्रबर्द्धनको लागि नेपाल सरकारद्वारा स्वीकृत तालीम कार्यक्रम सञ्चालन गर्ने,

(घ) कोषवाट ऋण प्राप्त गरेका मुक्त कमैयाले शर्त बमोजिम व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्ने वा गराउने,

(ङ) मुक्त कमैयालाई दिइएको ऋण असुली गर्ने,

(च) मुक्त कमैयालाई सहकारीको भावना अनुरूप संगठित र परिचालित हुन प्रोत्साहन तथा सहयोग गर्ने,

(छ) रोजगारी सम्बन्धी सूचनाको संकलन गरी उपयुक्त माध्यमबाट मुक्त कमैयाहरूलाई जानकारी दिने ।

१४. **समूह गठन गर्न सक्नेः** (१) मुक्त कमैयाहरूले संयुक्त रूपमा आय आर्जन हुने कुनै व्यवसाय सञ्चालन गर्नको लागि मुक्त कमैयाका कम्तीमा पच्चीस परिवारहरू भएको समूह गठन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम समूह गठन गर्न चाहने मुक्त कमैयाहरूले त्यस्तो समूह दर्ता गर्नको लागि निवेदन दस्तुर वापत पचास रुपैंया संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा कल्याणकारी अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात जाँचवुझ गर्दा समूह दर्ता गर्न उपयुक्त देखिएमा कल्याणकारी अधिकृतले मुक्त कमैयाको समूह दर्ता गरी निवेदकलाई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(४) यस नियम बमोजिम मुक्त कमैयालाई समूह दर्ता गराउने कार्यमा सहयोग पुऱ्याउन मन्त्रालयले समूहको विधान तथा अन्य आवश्यक

कागजातको नमूना तयार गरी कल्याणकारी अधिकृत मार्फत उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

१५. **नवीकरण सम्बन्धी व्यवस्थाः** (१) प्रमाणपत्रको अवधि आर्थिक वर्षको अन्तसम्म हुनेछ ।

(२) प्रमाणपत्र नवीकरण गराउन चाहने समूहले प्रमाणपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै प्रमाणपत्र नवीकरणको लागि पच्चीस रुपैंया दस्तुर सहित कल्याणकारी अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम नवीकरणको लागि निवेदन प्राप्त भएमा कल्याणकारी अधिकृतले त्यस्तो प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमाणपत्रको अवधि समाप्त भएको तीन महिनाभित्र कुनै समूहले प्रमाणपत्र नवीकरण गर्न आएमा कल्याणकारी अधिकृतले थप एकसय रुपैयाँ दस्तुर लिई त्यस्तो प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।

१६. **वैदेशिक रोजगारीमा पठाउन सक्नेः** नेपाल सरकारले वैदेशिक रोजगारीमा जान चाहने मुक्त कमैयालाई वैदेशिक रोजगारीमा पठाउनको लागि उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

१७. **ऋण उपलब्ध गराउन सकिनेः** (१) नेपाल सरकारले यस नियमावली बमोजिम जग्गा प्राप्त नगरेका “क” र “ख” वर्गका मुक्त कमैयालाई बसोवासको निम्ति दुई कठ्ठासम्म जग्गा खरिद गर्न एक पटकको लागि ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) नेपाल सरकारले “ग” र “घ” वर्गका मुक्त कमैयालाई कुनै व्यवसाय सञ्चालन गर्न ऋण उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(३) नेपाल सरकारले आय आर्जन हुने कुनै व्यवसाय गर्न चाहने मुक्त कमैया वा समूहलाई व्यक्तिगत वा सामुहिक रूपमा ऋण उपलब्ध गराउन सक्नेछ ।

(४) नेपाल सरकारले वैदेशिक रोजगारमा जान चाहने मुक्त कमैयालाई हवाई टिकट खरिद गर्नको लागि ऋण उपलब्ध गराउन सक्नेछ ।

(५) उपनियम (४) र (५) बमोजिमको ऋण कोषमा जम्मा भएको रकमबाट उपलब्ध गराइनेछ ।

(६) यस नियम बमोजिम उपलब्ध गराइने ऋणको वार्षिक व्याज दर तीन प्रतिशत भन्दा बढी हुने छैन ।

१८. **ऋण माग गर्न सक्ने:** (१) नियम १७ को प्रयोजनको लागि कुनै मुक्त कमैया वा समूहले ऋण लिन चाहेमा अनुसूची-३ बमोजिमको ढाँचामा कल्याणकारी अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचवुझ गर्दा निवेदकलाई ऋण उपलब्ध गराउन मनासिव देखिएमा देहायको अधिकारी वा निकायले मुक्त कमैया वा समूहलाई ऋण उपलब्ध गराउन सक्नेछः-

(क) पचास हजार रुपैयाँसम्मको भए सम्बन्धित कल्याणकारी अधिकृतले,

(ख) पचास हजार रुपैयाँ भन्दा बढी एक लाख रुपैयाँसम्मको भए उपसमितिले,

(ग) एक लाख रुपैयाँ भन्दा बढीको भए उपसमितिको सिफारिसमा मन्त्रालयको सचिवले ।

(३) उपनियम (२) को खण्ड (ख) को प्रयोजनको लागि कल्याणकारी अधिकृतको संयोजकत्वमा मालपोत कार्यालय र नापी कार्यालयको प्रमुख रहेको एक उपसमिति रहनेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियम १७ को उपनियम (१) र (५) बमोजिमको ऋण समितिको सिफारिसमा मन्त्रालयको सचिवले उपलब्ध गराउनेछ ।

१९. **कवुलियत गराउनु पर्ने:** नियम १८ बमोजिम ऋण उपलब्ध गराउने निर्णय भएपछि कल्याणकारी अधिकृतले ऋण रकम प्रदान गर्नु अघि मुक्त कमैया वा समूहसँग अनुसूची- ४ बमोजिमको ढाँचामा कवुलियत गराउनु पर्नेछ ।

२०. **<u>सम्बन्धित कामको लागि ऋण उपयोग गर्नुपर्ने:</u>** (१) मुक्त कमैया वा समूहले यस नियमावली बमोजिम प्राप्त गरेको ऋण जुन कामको लागि लिइएको हो सोही कामको लागि खर्च गर्नु पर्नेछ ।

(२) उपनियम (१) विपरीत कुनै मुक्त कमैया वा समूहले ऋणको रकम खर्च गरेमा कल्याणकारी अधिकृतले जुनसुकै बखत त्यस्तो ऋणको रकम असुल उपर गर्न सक्नेछ ।

२१. **<u>प्रगति विवरण पेश गर्नुपर्ने:</u>** (१) समूहले सो समूहबाट भए गरेका काम कारबाहीको विवरण सहितको प्रतिवेदन प्रत्येक तीन महिनामा कल्याणकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) कल्याणकारी अधिकृतले समूहद्वारा गरिएको काम कारबाहीको जुनसुकै समयमा निरीक्षण गरी समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित समूहको कर्तव्य हुनेछ ।

२२. **<u>अनुगमन गर्ने:</u>** (१) मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गाको उपयोग र मुक्त कमैयाको आय आर्जन तथा रोजगारीको लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता भए वा नभएको तथा यस नियमावली बमोजिम ऋण प्राप्त गरेका मुक्त कमैयाले कवुलियत बमोजिम ऋण उपयोग गरे वा नगरेको सम्बन्धमा कल्याणकारी अधिकृतले अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा प्राप्त भएको यथार्थ विवरण सहितको प्रतिवेदन नियमित रूपमा कल्याणकारी अधिकृतले मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

२३. **<u>कार्यविधि बनाइ लागू गर्ने:</u>** यो नियमावली कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

२४. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u>** मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१
(नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

**समूह दर्ता गर्नको लागि दिइने निवेदनको ढाँचा**

श्री कल्याणकारी अधिकृतज्यू,
भूमिसुधार तथा मालपोत कार्यालय, ................ ।

विषय: **समूह दर्ता गरी पाऊँ ।**

हामीले सामूहिक रूपमा आय आर्जन हुने व्यवसाय गर्नको लागि समूह दर्ता गर्न चाहेकोले निवेदन वापत लाग्ने दस्तुर संलग्न गरी देहायको विवरण खुलाई यो निवेदन गरेका छौं ।

१. समूहको नाम :
२. समूहको सम्पर्क ठेगाना : (क) जिल्ला:- (ख) गा.पा./न.पा.:-
(ग) वडा नं.:- (घ) फोन नं.:-
३. समूहमा रहने परिवार संख्या :-
४. समूहले गर्ने काम :-
५. समूहको आर्थिक स्रोत :-
६. अन्य विवरण:-

**समूहको प्रमुख पदाधिकारीको,-**
सही:-
नाम,थर:-
ठेगाना:-
मिति:-

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:-**
(१) समूहको विधान दुई प्रति,
(२) समूह दर्ता सम्बन्धमा भएको निर्णयको प्रतिलिपि,
(३) समूहका पदाधिकारीहरूको नागरिकता र मुक्त कमैयाको परिचयपत्रको प्रतिलिपि।

अनुसूची-२
(नियम १४ को उपनियम (३) सँग सम्वन्धित)

**समूह दर्ताको प्रमाणपत्र**

श्री ............................

...........................समूह ।

मिति .................. ......... को निर्णयानुसार ...................... .नामक मुक्त कमैया समूह दर्ता गरी तपाइँलाई यो प्रमाणपत्र दिइएको छ ।

**कल्याणकारी**
**अधिकृतको,-**
सही :
कार्यालयको छाप
नाम, थर:
पद :
मिति:-

**प्रमाणपत्रको नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहेको अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-३

(नियम १८ को उपदफा (१) सँग सम्बन्धित)

**ऋण माग गर्न दिइने निवेदनको ढाँचा**

श्री कल्याणकारी अधिकृतज्यू,
भूमिसुधार तथा मालपोत कार्यालय....................।

विषय :- **ऋण पाऊँ ।**

महोदय,

म/हामीलाई ........................ कार्य गर्नको लागि रु ..... ............... आवश्यक परेकोले ऋण स्वरूप सो रकम उपलब्ध गराई पाउन देहायको विवरण खुलाई यो निवेदन गरेको छु/छौं ।

१. ऋण माग गर्ने मुक्त कमैया वा समूहको,-

(क) व्यक्ति भए नाम थरः-

(ख) परिचयपत्र नं. र किसिमः-

(ग) ठेगाना :-

(घ) समूहमा आवद्ध भए समूहको नामः-

२. ऋण माग गर्नुको प्रयोजन,-

(क) जग्गा खरिद गर्ने भए,-

(१) यस नियमावली बमोजिम जग्गा प्राप्त गरे वा नगरेकोः-

(२) जग्गा खरिद गर्न चाहेको क्षेत्र र जग्गाको क्षेत्रफलः-

(ख) व्यवसाय गर्ने भए,-

(१) व्यवसायको नाम :-

(२) व्यवसाय सञ्चालन गर्ने स्थानः-

(३) अनुमानित लागतः-

(४) उत्पादित वस्तु खपत हुने बजारः-

(५) उत्पादित वस्तुबाट मुनाफा हुन लाग्ने अवधिः-

(६) एक वर्षमा हुन सक्ने मुनाफाः-

(ग) वैदेशिक रोजगारमा जान हवाई टिकट खरिद गर्न ऋण माग गर्ने भए,-

(१) रोजगारमा जान चाहेको मुलुकः-

(२) काम गर्ने कम्पनी र कामको विवरणः-

(३) काम वापत पाउने पारिश्रमिक रकमः-

३. यस अघि व्यवसाय सञ्चालन गर्न ऋण लिएको भए-

(१) ऋण लिएको रकमः-

(२) कुन व्यवसायको लागि ऋृण लिएको होः-

(३) ऋण चुक्ता गरेको मितिः-

४. ऋण भुक्तानीको अवधि र तरिका (ऋण भुक्तानी गर्ने अवधि र तरिका प्रस्ताव गर्ने)

निवेदकको,-

सहीः-

नाम थरः-

मिति-

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः-**

(१) मुक्त कमैयाको परिचयपत्रको प्रतिलिपि,
(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(३) आफूले कुनै तालीम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि,
(४) व्यवसाय सञ्चालन गर्ने भए सो सम्बन्धी प्रस्ताव,
(५) समूहको तर्फवाट व्यवसाय सञ्चालन गर्ने भएमा सम्बन्धित समूहको सिफारिस,
(६) वैदेशिक रोजगारमा जान चाहेको भए सम्बन्धित मूलुकबाट भिसा प्राप्त भएको प्रमाण ।

अनुसूची-४

(नियम १९ सँग सम्बन्धित)

**ऋण प्राप्त गर्न गरिने कवुलियतनामाको ढाँचा**

म/समूह ........ ...... .........ले ...................... काम/व्यवसायको लागि .................. ...रु...................... ऋण लिए वापत देहाय बमोजिम गर्ने गरी यो कवुलियतनामा पेश गरेको छु/छौं ।

१. ऋण रकम वापत लाग्ने वार्षिक व्याजदरः-

२. ऋणको रकम भुक्तानी गर्ने प्रक्रियाः-

३. ऋणको रकम समय भित्र नबुझाएमा अन्य सम्पतिवाट असूल गर्न पाउने कुराः-

४. अन्य आवश्यक कुराहरूः-

| **कल्याणकारी अधिकृतको,-** | **ऋण लिनेको,-** |
| --- | --- |
| सहीः- | सहीः- |
| नाम, थरः- | नाम, थरः- |
| कार्यालयः- | उमेरः- |
| पदः- | ठेगाना-ः |
| कार्यालयको छापः- | |

इति सम्बत् २०..... साल .......... महिना ........ गते रोज....शुभम् ।

# मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६५

**स्वीकृत**

मन्त्रिपरिषद्‌वाट २०६५।०८।१८

आर्थिक तथा पूर्वाधार समिति र विधेयक समितिवाट २०६५।०९।१७

**संशोधन**

| | |
|---|---|
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग गठन आदेश, २०६६ | २०६६।०५।२६ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६६ (परिमार्जनसहित) | २०६६।१०।०६ |
| | (विधेयक समितिवाट २०६६।११।०३) |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६७ | पहिलो २०६७।०४।२८ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन आदेश), २०६७ | दोश्रो २०६७।०८।१४ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६७ | तेस्रो २०६८।०१।०९ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग, गठन आदेश, २०६७ | चौथो २०६८।०२।१८ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (आठौं संशोधन) आदेश, २०६८ | २०६८।०५।३० |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (नवौं संशोधन) आदेश, २०६८ | २०६८।१०।२४ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (दशौं संशोधन) आदेश, २०६९ | २०६९।०४।१७ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (एघारौं संशोधन) आदेश, २०६९ | २०६९।०९।०४ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (वाह्रौ संशोधन) आदेश, २०७० | २०७०।०९।०४ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (तेह्रौं संशोधन) आदेश, २०७१ | २०७१।०५।१९ |
| | (विधेयक समितिवाट २०७१।०५।२९) |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (चौधौं संशोधन) आदेश, २०७२ | २०७१।०४।०८ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (पन्ध्रौं संशोधन) आदेश, २०७३ | २०७३।०५।२३ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (सोह्रौं संशोधन) आदेश, २०७४ | २०७४।०५।२६ |
| मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (सत्रौं संशोधन) आदेश, २०७५ | २०७५।०६।०५ |

**प्रस्तावनाः** सामाजिक न्यायका दृष्टिले मुक्त कमैयाहरुको पुनःस्थापन कार्य सम्पन्न गर्न र वृत्ति विकासका पूर्वाधारहरूको तर्जुमा गरी उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक व्यवस्थाका लागि एक आयोग गठन गरी त्यसको काम, कर्तव्य र अधिकार समेतको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग गठन आदेश, २०६५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग सम्झनु पर्छ।

(ख) "कार्यान्वयन समिति" भन्नाले दफा ८ बमोजिम गठन गरिएको मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समिति सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको मुक्त कमैया पुनःस्थापन जिल्ला समिति सम्झनु पर्छ।

३. **आयोगको स्थापनाः** (१) मुक्त कमैयाहरुको पुनःस्थापन, वृत्ति विकासका योजनाहरुको तर्जुमा गरी उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धी कार्य गर्न मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग नामको एक आयोग स्थापना गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आयोगमा देहाय बमोजिम अध्यक्ष तथा सदस्यहरु रहने छन्ः–

(क) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री/राज्यमन्त्री[१२३] – अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (भूमिव्यवस्था, स. तथा. ग.नि.म. हेर्ने) –सदस्य

(ग) सचिव वा निजले तोकेको सहसचिव, अर्थ मन्त्रालय – सदस्य

[४](घ) सचिव वा निजले तोकेको सहसचिव, वन तथा वातावरण मन्त्रालय – सदस्य

(ङ) सचिव वा निजले तोकेको सहसचिव, गृह मन्त्रालय – सदस्य

(च) सचिव वा निजले तोकेको सहसचिव,
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय – सदस्य

(छ) सचिव वा निजले तोकेको सहसचिव, संघीय मामिला तथा सा. प्र. म. – सदस्य

(ज) सचिव वा निजले तोकेको सहसचिव, भूमिव्यवस्था, स. तथा. ग.नि.म. – सदस्य

[५](झ) सचिव वा निजले तोकेको सहसचिव, भौतिक पू. तथा या. मन्त्रालय – सदस्य

[६](ञ) सचिव वा निजले तोकेको सहसचिव, कृषि तथा पशु. वि. मन्त्रालय – सदस्य

(ट) मुक्त कमैयाको क्षेत्रमा कार्यरत[७] व्यक्ति मध्येबाट कम्तिमा एक[८] जना महिला सहित भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयले तोकेका[९ १० ११] तीन[१२] जना व्यक्ति – सदस्य

(ठ) संयोजक, मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समिति[१३] – सदस्य सचिव

---

१ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक मन्त्री)

२ गठन आदेश, २०६७ तेस्रो द्वारा संशोधित (साविक राज्यमन्त्री)

३ गठन आदेश, २०६६ द्वारा खारेज (साविक उपाध्यक्ष)

४ गठन आदेश, २०६६ द्वारा थप

५ गठन आदेश, २०६६ द्वारा थप

६ गठन आदेश, २०६६ (संशोधनसहित) द्वारा थप

७ गठन (दशौं संशोधन) आदेश, २०६९ द्वारा संशोधित (साविक समाज कल्याण परिषद्‌मा आबद्ध गैरसरकारी संघ, संस्थामा कार्यरत)

८ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक दुई)

९ गठन आदेश, २०६७ तेस्रो द्वारा संशोधित (साविक नेपाल सरकारले तोकेका)

१० गठन आदेश, २०६७ चौथो द्वारा संशोधित (साविक माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीले तोक्ने)

११ गठन (दशौं संशोधन) आदेश, २०६९ द्वारा संशोधित (साविक नेपाल सरकारले)

१२ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक पाँच)

१३ गठन आदेश, २०६६ द्वारा झिकिएको

४. **आयोगको कार्यक्षेत्रः** आयोगको कार्यक्षेत्र मध्यपश्चिमाञ्चल विकास क्षेत्रका दाङ, बाँके र बर्दिया तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका कैलाली र कञ्चनपुर जिल्ला हुनेछ।

५. **आयोगको कार्यालयः** आयोगको कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ।

६. **आयोगको काम, कर्तव्य र अधिकारः** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) २०५७ सालको लगत अन्तर्गतका मुक्त कमैयाका परिवारलाई वितरित जग्गा भोग गर्न नसकेका, जग्गा प्राप्त गर्न नसकेका तथा २०५९ सालको लगतबाट थप भएका भूमिहीन मुक्त कमैयाहरूको पुनःस्थापनको लागि जग्गाको पहिचान तथा लगत तयार गराउने र तिनीहरूले भोग गरी रहेका जग्गा वितरण योग्य भए/नभएको समेत छानवीन गरी यकीन विवरण तयार गराउने व्यवस्था गर्ने।

(ख) २०५७ सालको लगत बमोजिम "क" र "ख" वर्गका परिचयपत्र प्राप्त भै जग्गा नपाएका वा जग्गा पाएकोमा विभिन्न कारणले जोतभोग गर्न नपाएका मुक्त कमैया परिवार तथा २०५९ सालमा भूमिहीन मुक्त कमैयाको परिचय पत्र प्राप्त गरेका "क" र "ख" वर्गका मुक्त कमैया परिवारहरूलाई बसोबासको लागि भोगको आधारमा बढीमा बजार क्षेत्र भए १ कठ्ठा, राजमार्गमा जोडिएको भए २ कठ्ठा र ग्रामीण क्षेत्रमा भए भोगको आधारमा प्रति परिवार ५ कठ्ठामा नबढ्ने गरी जग्गा दर्ता गरी सट्टाभर्ना दिने वा वितरण गराउने व्यवस्था गर्ने।

(ग) नेपाल सरकारको नीति र मापदण्ड विपरित कुनै व्यहोराले ढाँटी, छली वा अन्य कुनै तरीकाले मुक्त कमैयाहरूको परिचय पत्र लिएको वा

वर्ग फरक पारी लिएको वा आफ्नो परिवार भित्रका सदस्यहरूको नाममा जग्गा दर्ता रहेको भनी जिल्ला समितिबाट सिफारिस भै आएमा त्यस्तो परिचय पत्र पाएको जग्गा दर्ता बदर गर्न निर्देशन दिने।

(घ) मुक्त कमैया परिवारको जीविकोपार्जनका लागि रोजगार अभियान सञ्चालन गर्न कृषि तथा गैरकृषि क्षेत्र तथा स्वदेशी एवं विदेशी रोजगारका लागि आवश्यक सीप तथा व्यावसायिक तालीम तथा अवसरहरू पहिचान गरी आवश्यक व्यवस्थाको लागि भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा पठाउने।

(ङ) भूमि बैङ्कको अल्पकालीन कार्यक्रम अन्तर्गतको सहुलियतपूर्ण ऋण कार्यक्रम बाँके र कैलाली जिल्लामा विगत वर्षदेखि सञ्चालन भै हाल स्थगित हुँदा यस वर्ष देखि पाँचै जिल्लामा मुक्त कमैयाहरुको पुनःस्थापनको समस्या समाधानका लागि वैकल्पिक उपायको रुपमा सो रकमलाई सदुपयोग गर्ने व्यवस्था गर्ने।

(च) मुक्त कमैया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रम सम्बन्धी विषयमा जिल्लास्थित समितिबाट प्राप्त सुझाव तथा सिफारिसमा आवश्यक अध्ययन तथा छानवीन गरी उपयुक्त व्यवस्थाको लागि भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा पठाउने।

(छ) मुक्त कमैयाको लागि रोजगारी र आयआर्जनका क्षेत्रहरू अध्ययन गरी श्रोत जुटाउन पहल गर्ने र देखिएका वैकल्पिक अवस्थाहरूका सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा आवश्यक कारबाहीको लागि पठाउने।

(ज) मुक्त कमैया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रम सम्बन्धमा समय –समयमा नेपाल सरकारबाट प्राप्त नीति, निर्देशनहरू भूमि व्यवस्था,

सहकारी तथा गिरबी निवारण मन्त्रालय तथा जिल्ला समितिहरूमा पठाई कार्यान्वयन गराउने।

(झ) मुक्त कमैया पुनःस्थापनको लागि जिल्ला समितिहरूको काम कारबाहीमा प्रभावकारीता ल्याउन निरीक्षण, अनुगमन तथा समन्वय गर्ने र पर्न आएका वाधा, अड्काउ फुकाउन आवश्यक निर्देशन दिने।

(ञ) मुक्त कमैया पुनःस्थापन जिल्ला समितिले तोकेको समय अगावै कार्य सम्पन्न गरेमा सो समिति विघटन गर्ने।

(ट) पुनःस्थापनको सिलसिलामा आवश्यक पर्ने रकम अर्थ मन्त्रालयबाट निकासा लिई आवश्यकतानुसार मुक्त कमैया पुनःस्थापन जिल्ला समितिमा पठाउने।

(ठ) मुक्त कमैया पुनःस्थापन सम्बन्धमा समितिले आवश्यक ठानेका अन्य विषयमा आवश्यक कारबाही गर्ने।

७. **आयोगको बैठकः** (१) आयोगको बैठक आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) आयोगको बैठकको लागि आयोगको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(३) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ।

[१४] ...............

(४) आयोगमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

---

१४ गठन आदेश, २०६६ द्वारा झिकिएको

(५) आयोगले कुनै विषयका विशेषज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

[१५](७) पुनःस्थापनको काम सम्पन्न भई समिति नरहने जिल्लाहरु दाङ, बाँके एवं कन्चनपुर[१६] समेतको हकमा कुनै समस्या उत्पन्न भई समाधान गर्न उपयुक्त भएमा जिल्ला भूमिसुधार अधिकारीको सिफारिशमा दफा १० र ११ मा उल्लेख भएका अधिकारहरु प्रयोग गरी आयोगले समाधान गर्नेछ।

८. **मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिको गठनः** (१) आयोगले गरेको निर्णयको कार्यान्वयन गर्न गराउन मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समिति रहनेछ।

(२) कार्यान्वयन समितिको संयोजक भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा कार्यरत निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी मध्येवाट भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयले नियुक्त गर्नेछ।[१७] कार्यान्वयन समितिका अन्य सदस्यहरु आयोगले तोके बमोजिम रहने छन्। [१८] कार्यान्वयन समितिले आवश्यकतानुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

---

१५ गठन आदेश, २०६६ द्वारा थप गरिएको

१६ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा थप गरिएको

१७ गठन आदेश, २०६७ द्वारा संशोधित (साविक निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारीमध्येबाट नेपाल सरकारले नियुक्त गर्नेछ।)

१८ गठन आदेश, २०६६ द्वारा थप गरिएको

(३) मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोगले तोके बमोजिम हुनेछ।

(४) मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

[१९](४क) कार्यान्वयन समितिले वन विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकलाई स्थायी आमन्त्रण गर्नेछ।

(५) यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेको मुक्त कमैया पुनःस्थापन केन्द्रीय समितिका संयोजक कार्यान्वयन समितिको संयोजक हुनेछ।

९. **मुक्त कमैया पुनःस्थापन जिल्ला समितिको गठनः** (१) यस आदेश र आयोगका निर्णय कार्यान्वयन गर्नको लागि आयोगको कार्यक्षेत्रभित्रका प्रत्येक जिल्लामा देहाय बमोजिमका पदाधिकारीहरू रहने गरी मुक्त कमैया पुनःस्थापन जिल्ला समितिको गठन गरिनेछः–

[२०](क) जिल्ला समन्वय समितिको प्रमुख – संयोजक

(ख) प्रतिनिधि (अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय – सदस्य

(ग) प्रमुख, नापी कार्यालय – सदस्य

(घ) प्रमुख, जिल्ला वन कार्यालय – सदस्य

[२१] [२२] (ङ) ए.ने.क.पा. माओवादी, नेपाली कांग्रेस,

---

१९ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा थप गरिएको

२० गठन आदेश, (सत्रौं संशोधन) आदेश, २०७५ द्वारा संशोधित

२१ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक आयोगले तोकेको विभिन्न राजनीतिक दलका प्रतिनिधि)

२२ गठन (नवौं संशोधन) आदेश, २०६८ द्वारा संशोधित (साविक जिल्ला विकास समिति सञ्चालन संयन्त्रमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधि )

ने.क.पा.एमाले र मधेशी मोर्चाका एक-एक जना – सदस्य

[२३](च) मुक्त कमैयाको प्रतिनिधित्व हुने गरी दुई जना महिला सहित चार जना प्रतिनिधि भूमिसुधार अधिकारीको सिफारिशमा कार्यान्वयन समितिले तोकेका सदस्यहरु – सदस्य

(छ) प्रमुख, भूमिसुधार तथा मालपोत कार्यालय – सदस्य–सचिव

(२) जिल्ला समितिले आवश्यकता अनुसार जिल्लामा क्रियाशील राजनैतिक दलका प्रतिनिधिहरु मध्येवाट वढीमा २ जना[२४] कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

[२५] (२क) जिल्ला समितिले राष्ट्रिय निकुञ्जको वार्डेनलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला समितिमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

१०. **जिल्ला समितिको काम, कर्तव्य र अधिकारः** (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः –

(क) २०५७ सालको मुक्त कमैया लगत बमोजिम जग्गा प्राप्त गरेका तर विभिन्न कारणले जग्गा भोग गर्न नपाएका र "क" र "ख" वर्गको परिचय पत्र प्राप्त गरेका तर जग्गा नपाएका परिवारहरूको विवरण एकीन गरी अद्यावधिक गर्ने।

---

२३ गठन आदेश, २०६६ द्वारा संशोधित (साविकमा मुक्त कमैयाको क्षेत्रमा कार्यरत समाज कल्याण परिषदमा आबद्ध आयोगले तोकेका गैरसरकारी संघ, संस्थामा कार्यरत व्यक्तिमध्येबाट कम्तीमा दुई जना महिला सहित चार जना प्रतिनिधि)

२४ गठन (दशौं संशोधन) आदेश, २०६९ द्वारा थप

२५ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा थप

(ख) २०५७ सालको मुक्त कमैयाका परिवारलाई वितरित जग्गा, भोग गर्न नसकेका जग्गा, प्राप्त गर्न नसकेका तथा २०५९ सालको लगतबाट थप भएका भूमिहीन मुक्त कमैयाहरूको पुनःस्थापनको लागि जग्गाको पहिचान तथा लगत तयार गर्ने र तिनीहरूले भोग गरी रहेका जग्गा वितरण योग्य भए/नभएको समेत छानवीन गरी एकीन विवरण तयार गर्ने।

(ग) २०५७ सालको लगत बमोजिम "क" र "ख" वर्गका परिचय पत्र प्राप्त भै जग्गा नपाएको वा जग्गा पाएकोमा विभिन्न कारणले जोतभोग गर्न नपाएका मुक्त कमैया परिवार तथा २०५९ सालमा भूमिहीन मुक्त कमैयाको परिचय पत्र प्राप्त गरेका "क" र "ख" वर्गका मुक्त कमैया परिवारहरूलाई बसोबासको लागि बढीमा बजार क्षेत्रमा १ कठ्ठा, राजमार्गसँग जोडिएकोमा २ कठ्ठा र अन्य ग्रामीण क्षेत्रमा ५ कठ्ठासम्म देहायका अवस्थाका जग्गा दर्ता गरी सट्टाभर्ना दिने वा वितरण गर्नेः –

(१) नेपाल सरकारका नाममा दर्ता भएको वा नभएको सरकारी/ऐलानी पर्ति जग्गा,

(२) मुक्त कमैयाहरू बसोबास गरी रहेको वन क्षेत्रको जग्गा (तर घना वन जङ्गल नभई हैसियत बिग्री बस्ती बसाउन योग्य जग्गा)

(३) नदी धार तथा नदी सिमाना छुट्याई बाँकी रहेको बसोबास गर्न योग्य नदी उकास जग्गा,

(४) कुनै जग्गावालाको नम्बरी जग्गाको आँठा साँधमा रहेको र निज जग्गावालाले नै आवाद गरेको सम्भव भएसम्मका सरकारी, ऐलानी, पर्ति जग्गा,

(५) वन क्षेत्रभित्र भए पनि वन जङ्गल नभई सामुदायिक वनको रुपमा रहेको आवाद, बसोबास गर्न योग्य जग्गा,

(६) पहिले मुक्त कमैयालाई वितरण भै मुक्त कमैया परिवारले उपभोग नगरेको जग्गा,

(७) सरकारी जग्गामा अव्यवस्थित बसोबासीको रुपमा भएको अतिक्रमणबाट फिर्ता प्राप्त जग्गा,

(८) नेपाल सरकारको नाममा दर्ता भै बस्ती बसाउने क्रममा गठन भएका समिति, कम्पनी वा विकास समिति ऐन, २०१३ अन्तर्गत गठित कम्पनीका नाममा कायम भएको तर उद्देश्य अनुरुप प्रयोगमा नआएका जग्गा,

[२६] [२७](८क) ..............

(९) समितिले जग्गा वितरणको क्रममा जग्गा जे जति परिमाणमा उपलब्ध छ, त्यसको आधारमा दामासाहीले मापदण्डको अधिनमा रही न्यूनतम परिमाणमा जग्गा वितरण गर्नु पर्नेछ।

(घ) यस अघि वितरण भएका जग्गा कुनै व्यहोराले भोग गर्न नसकेका परिवारलाई त्यस्ता जग्गाको सट्टाभर्ना वितरण गर्दा यस्ता परिवारले सो अघि प्राप्त गरेको जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्ने।

(ङ) भूमि बैङ्कको अल्पकालीन अवधारणा अनुरुप २०५९ सालको लगत बमोजिम परिचय पत्र प्राप्त गरेका मुक्त कमैयाले जग्गा खरीदको लागि सहुलियतपूर्ण ऋण लिएको भए त्यस्तो परिवारलाई जग्गा उपलब्ध नगराउने।

---

२६ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा थप

२७ गठन आदेश, २०६७ पहिलो द्वारा झिकिएको (साविक उल्लिखित जग्गा उपलब्ध हुन नसकेको अवस्थामा जिल्ला पुनःस्थापन समितिले प्रचलित कानूनको प्रक्रिया पूरा गरी जग्गा खरिद गरेर बाँकी मुक्त कमैयाको पुनःस्थापन गराउन सक्नेछ ।)

(च) भूमि बैङ्कको अल्पकालीन कार्यक्रम अन्तर्गतको सहुलियतपूर्ण ऋण कार्यक्रम बाँके र कैलाली जिल्लामा विगत वर्षदेखि सञ्चालन भएकोमा हाल स्थगित अवस्थामा रहेकाले कार्यक्रमको उपादेयता र प्रभावकारिता समेतलाई दृष्टिगत गरी समय सापेक्ष सुधार गर्दै बर्दिया र कैलाली [२८] जिल्लामा मुक्त कमैयाहरुको पुनर्स्थापनाको समस्या समाधानको लागि वैकल्पिक उपायको रुपमा सो रकमलाई सदुपयोग गर्ने।

(छ) कुनै मुक्त कमैयालाई उपलब्ध गराइएको जग्गा भोग चलन नगरी बाँझो छाडेको वा घरबास नबनाएको देखिएमा सो जग्गा जफत गरी अर्को मुक्त कमैयाका नाममा दर्ता गर्ने वा नेपाल सरकारका नाममा कायम गर्ने।

(ज) कुनै "क" वा "ख" वर्गको परिचय पत्र प्राप्त गरेका मुक्त कमैयाले झुठो विवरण पेश गरी परिचय पत्र लिएको छ वा सो परिचय पत्रका नाताले जग्गासमेत प्राप्त गरी सकेको छ भन्ने बारे कुनै व्यहोराले समितिलाई जानकारी हुन आई छानवीन गर्दा झुठो व्यहोरा पेश गरी परिचय पत्र लिएको वा सो को नाताले जग्गा प्राप्त भएको भन्ने एकीन हुन आएमा त्यस्तो परिचय पत्र र प्राप्त जग्गा श्रेस्ता रद्द गर्ने।

(झ) समितिबाट वितरण भएको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता र प्रमाण–पूर्जा दुवैमा हक हस्तान्तरण गर्न नपाउने व्यहोरा प्रष्ट रुपमा जनाउने र सो व्यहोरा निर्णयमा समेत प्रष्ट उल्लेख गर्ने।

[२९] [३०]# ...............

२८ गठन आदेश, २०६७ संशोधन (साविक पाँचै जिल्लामा)

२९ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा थप (निर्णयको व्यहोरा द्वारा थप)

(ञ) मुक्त कमैया पुनःस्थापन कार्यक्रम अन्तर्गत वितरण गर्ने जग्गा परिचय पत्र प्राप्त गर्ने व्यक्ति एकल परिवार भए निज र निजको छोरा वा छोरीको नाममा र संयुक्त परिवारमा भए पति र पत्नीका नाममा संयुक्त दर्ता गर्ने।

(ट) मुक्त कमैयाको लागि आय–आर्जन व्यवसाय र रोजगार प्रबर्द्धनको कार्यक्रम सञ्चालन गर्न, गराउनमा सहयोग पुऱ्याउने।

(ठ) जिल्लामा काम कारबाही गर्दा बाधा व्यवधान तथा द्विविधा पर्न गएमा रायसुझाव सहित आयोगमा प्रस्तुत गर्ने।

[३१](ड) "क" वर्गका मुक्त कमैयाहरुका प्रति परिवारलाई घर निर्माण खर्च रु १०,०००।- र ३५ क्यू फिट काठ उपलब्ध गराउने साथै अति संवेदनशील ठाउँमा घर वनाइ बसेका दैवी प्रकोपमा परी सट्टाभर्ना गर्नुपर्ने र बसोवास गरेकै स्थानमा जग्गा उपलब्ध गराउन नसकेको अवस्थामा रहेका "ख" बर्गका मुक्त कमैया परिवारलाई समेत "क" बर्गका सरह सुविधा उपलब्ध गराउने।

(ढ) सम्पादन गरेको काम कारबाहीको प्रगति विवरण मासिक रुपमा आयोग र भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा पठाउने।

(ण) मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिले निर्दिष्ट गरेका विषयहरु कार्यान्वयन गर्ने।

(२) जिल्ला समितिले आफ्नो कार्यविधि आफैंले तय गर्नेछ।

---

३० गठन आदेश, २०६७ पहिलो द्वारा झिकिएको (साविक २०६५ माघ भन्दा अघि राज्यवाट जग्गा प्राप्त गर्ने मुक्त कमैयाको हकमा पनि गठन आदेशको दफा १० (१)झ. अनुसार हक हस्तान्तरण गर्न नपाउने)

३१ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक अति संवेदनशील ठाउँमा घर वनाई वसेका 'ख' वर्गका मुक्त कमैयाहरुलाई उनीहरुको घर भत्काई अर्को ठाउँमा पुनर्स्थापन गर्नु पर्ने भए मात्र घर निर्माणको सहयोग उपलब्ध गराउने।)

(३) जिल्ला समितिले कुनै व्यक्ति वा निकायको जग्गा प्राप्त गर्दा आवश्यक मुआब्जा वा क्षतिपूर्ति दिनु पर्ने भएमा पुनःस्थापन कार्य सम्पन्न भए पछि जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जा वा क्षतिपूर्तिका लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ। [३२]जिल्ला प्रशासन कार्यालयवाट जग्गाको मूल्यांकन भई आएपछि मुआब्जाको कारवाही सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयले अगाडी वढाउने छ।

[३३](त) सम्पर्कमा नआउने पुनःस्थापनको लगतमा रहेका मुक्त कमैयाहरुको नाम लगतबाट हटाउने सम्बन्धमा देहाय बमोजिम गर्ने,

१. जग्गा खरिद अनुदान, निर्माण खर्च वा काठ वापतको रकम लिन अन्तिम पटक पैतीस दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्ने ।

२. उपखण्ड (१) बमोजिम प्रकाशित गरिएको अवधिभित्र पनि भूमिसुधार तथा मालपोत कार्यालयमा सम्पर्क नगर्ने मुक्त कमैयाहरुको विवरण छानविन गरी लगतबाट हटाउने निर्णय गर्ने।

३. उपखण्ड (२) बमोजिम भएको निर्णय कार्यान्वयन गर्न लगाई सो को जानकारी आयोगलाई गराउने ।

**११. प्रत्यायोजित अधिकारः** (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका ऐनहरुद्वारा प्राप्त अधिकारहरुमध्ये देहाय बमोजिमको अधिकार जिल्ला समितिलाई प्रत्यायोजन गरेको छः–

---

३२ गठन (दशौं संशोधन) आदेश, २०६९ द्वारा थप

३३ गठन (सत्रौं संशोधन) आदेश, २०७५ द्वारा थप

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ३ख., ४, ५, ६, ६ख., ६ग., ६घ., ७, ८, ८क., ९ख., १०, र ११ का अधिकारहरु।

(ख) जग्गा नापजाँच नियमावली, २०५८ को परिच्छेद २, ३ र ४ अन्तर्गतका अधिकारहरु।

(ग) मालपोत ऐन, २०३४ को दफा ६, ७, ७क., ८, ८क., २४, २५ र २६ का अधिकारहरु।

(घ) मालपोत नियमावली, २०३६ को परिच्छेद २ र ६ अन्तर्गतका अधिकारहरु।

(ङ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१, २६ख. र ५६ का अधिकारहरु।

(च) भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम १६ र २३ अन्तर्गतका अधिकारहरु।

(छ) वन ऐन, २०४९ को दफा ३ र ६८ का अधिकारहरु।

(ज) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ र ३क. का अधिकारहरु।

(२) आयोगले यस आदेश बमोजिम आफूमा निहित अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार आयोगका कुनै सदस्य वा कार्यान्वयन समिति वा जिल्ला समिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. **प्रतिवेदन पेश गर्ने:** (१) जिल्ला समितिले प्रत्येक महिनाको ७ गतेभित्र आफूले सम्पादन गरेको कामको प्रगति विवरण कार्यान्वयन समिति, आयोग र भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयमा पठाउनु पर्नेछ।

आयोगले प्रत्येक दुई दुई महिनामा आफूले गरेको कार्यको प्रगति विवरण मन्त्रिपरिषद्मा पठाउनु पर्नेछ।

(२) आयोग, कार्यान्वयन समिति र जिल्ला समितिले आफूले गरेका काम कारबाहीका बारेमा आवश्यकतानुसार सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(३) आयोगले आफूलाई तोकिएको कार्य सम्पन्न गरी सम्पादन गरेका कामको विस्तृत विवरण खुलाई नेपाल सरकार मन्त्रिपरिषद् समक्ष अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) जिल्ला समितिले आफूले गरेका काम सम्बन्धी कागजपत्र, फायलहरू र जिन्सी सामानहरूको अभिलेख सहित पुनःस्थापनको कार्य सम्पन्न गरी सम्बन्धित मालपोत कार्यालयमा बुझाउनु पर्नेछ। नापी नक्सा, फिल्डबूक, प्लट रजिष्टर जस्ता अभिलेख सहितको सामान नापी कार्यालयमा बुझाउनु पर्नेछ।

१३. **बजेट सम्बन्धी व्यवस्थाः** (१) आयोग, कार्यान्वयन समिति तथा जिल्ला समितिहरूका लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले समयमा नै उपलब्ध गराउनु पर्दछ।

(२) आयोगले अर्थ मन्त्रालयबाट बजेट निकासा भै आएपछि बजेटको बाँडफाँड गरी कार्यान्वयन समिति र जिल्ला समितिहरूलाई उपलब्ध गराउनेछ।

(३) कुनै कारणबाट आयोगका लागि आवश्यक रकम समयमा नै प्राप्त हुन नसकेमा भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयले जुनसुकै शीर्षकबाट रकम उपलब्ध गराउनु पर्नेछ। यसरी उपलब्ध गराएको रकम अर्थ मन्त्रालयले तुरुन्त शोध भर्ना दिनु पर्नेछ।

**१४. कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) आयोग, कार्यान्वयन समिति तथा जिल्ला समितिको लागि आवश्यक कर्मचारीहरू भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयले काजमा उपलब्ध गराउनेछ।

(२) नापी कार्यको लागि आवश्यक सहयोगी तथा श्रेणी विहीन कर्मचारी जिल्ला समितिले मासिक ज्यालादारीमा नियुक्त गरी काममा लगाउन सक्नेछ।

**१५.** ......[३४] **भत्ता तथा अन्य सुविधाः** (१) ...........[३५]

[३६](१) आयोग एवं कार्यान्वयन समितिका सदस्य र आमन्त्रितले बैठकमा भाग लिएको दिनको बैठक भत्ता पाउनेछ। सदस्यहरुले आयोगको कामको सिलसिलामा भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता र होटलवास खर्च निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कर्मचारीले पाए सरह पाउनेछ।

(२) जिल्ला समितिका सदस्यले बैठकमा भाग लिएको दिनको बैठक भत्ता र आयोग वा समितिको कामको सिलसिलामा भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता र होटलवास खर्च निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीले पाए सरह पाउनेछ।

---

३४ गठन आदेश, २०६६ द्वारा कट्टा गरिएको (साविक तलव)

३५ गठन आदेश, २०६६ द्वारा कट्टा गरिएको (साविक आयोगका उपाध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।)

३६ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा संशोधन गरिएको (साविक आयोग एवं कार्यान्वयन समितिका सदस्यले बैठकमा भाग लिएको दिनको बैठक भत्ता र आयोगको कामको सिलसिलामा भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता र होटलवास खर्च निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कर्मचारीले पाए सरह पाउनेछ।)

(४) आयोग, कार्यान्वयन समिति तथा जिल्ला समितिमा खटिने निजामती कर्मचारीले आफ्नो पदको सुरु तलब स्केलको पच्चीस प्रतिशत थप सुविधा पाउने छ।

**१६. निर्णय कार्यान्वयन तथा कागजपत्र प्रमाणितः** (१) आयोग, कार्यान्वयन समिति र जिल्ला समितिको बैठकमा भएका निर्णय सदस्य–सचिवले प्रमाणित गरी राख्नेछ र त्यस्ता निर्णयको कार्यान्वयन गराउनु निजको कर्तव्य हुनेछ।

(२) जिल्ला समितिको निर्णयानुसार तयार भएका नक्सा, श्रेस्ता तथा अन्य कागजात प्रमाणित गर्ने कार्य जिल्ला समितिको सदस्य–सचिवको हुनेछ।

**१७. कार्यावधिः** यस आदेश बमोजिम स्थापना गरिएको आयोग तथा गठन गरिएको कार्यान्वयन समिति तथा जिल्ला समितिहरू क्रमशः बर्दिया र कैलालीको कार्यावधि संवत् २०७६ साल असार मसान्तसम्म हुनेछ ।[३७] [३८] [३९] [४०] [४१] [४२] [४३] [४४] [४५] [४६] [४७] [४८] [४९] [५०] [५१]

---

३७ गठन आदेश, २०६६ द्वारा संशोधित (साविक - को कार्यावधि संवत् २०६६ साल आषाढ मसान्तसम्म)

३८ गठन आदेश, २०६६ (परिमार्जनसहित) द्वारा संशोधित (साविक बर्दिया, कैलाली र कन्चनपुरको कार्यावधि संवत् २०६६ साल पौष मसान्तसम्म)

३९ गठन आदेश, २०६७ पहिलो (निर्णयको जानकारी पत्रद्वारा) द्वारा संशोधित (साविक २०६७ साल आषाढ मसान्तसम्म)

४० गठन आदेश, २०६७ दोश्रो द्वारा संशोधित (साविक२०६७ कार्तिक मसान्तसम्म)

४१ गठन आदेश, २०६७ तेश्रो द्वारा संशोधित (साविक२०६७ चैत मसान्तसम्म)

४२ गठन (आठौं संशोधन) आदेश, २०६८ द्वारा संशोधित(साविक २०६८ असार मसान्तसम्म)

४३ गठन (नवौं संशोधन) आदेश, २०६८ द्वारा संशोधित (साविक २०६८ पौष मसान्तसम्म)

४४ गठन (दशौ संशोधन) आदेश, २०६९ द्वारा संशोधित (साविक २०६९ असार मसान्तसम्म)

४५ गठन (एघारौं संशोधन) आदेश, २०६९ द्वारा संशोधित (साविक २०६९ कात्तिक मसान्तसम्म)

४६ गठन (वाह्रौ संशोधन) आदेश, २०७० द्वारा संशोधित (साविक २०७० असार मसान्तसम्म)

४७ गठन (तेह्रौं संशोधन) आदेश, २०७१ द्वारा संशोधित (साविक २०७१ असार मसान्तसम्म)

४८ गठन (चौधौं संशोधन) आदेश, २०७२ द्वारा संशोधित (साविक २०७२ असार मसान्तसम्म)

४९ गठन (पन्धौं संशोधन) आदेश, २०७३ द्वारा संशोधित (साविक २०७३ असार मसान्तसम्म)

५० गठन (सोह्रौं संशोधन) आदेश, २०७४ द्वारा संशोधित (साविक २०७४ असार मसान्तसम्म)

५१ गठन (सत्रौं संशोधन) आदेश, २०७५ द्वारा संशोधित

१८. **नेपाल सरकारसँगको सम्पर्कः** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१९. **सहकार्य गर्न सक्नेः** आयोगले मुक्त कमैयासँग सम्बन्धित कार्यको सिलसिलामा कुनै कार्य गर्दा कुनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थासँग आवश्यक सहयोग लिन र सहकार्य गर्न सक्नेछ।

२०. **बाधा, अड्काउ फुकाउने अधिकारः** यो आदेश कार्यान्वयन गर्दा कुनै बाधा, अड्काउ परेमा भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयले सो बाधा, अड्काउ फुकाउन सक्नेछ।

# भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८

**<u>स्वीकृत</u>**

मन्त्रिपरिषद्‌वाट २०६७।१२।०४

मन्त्रिपरिषद् विधेयक समितिवाट २०६८।०७।२५

**<u>संशोधन</u>**

भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७२ २०७२।०५।१४

**<u>प्रस्तावनाः</u>** बर्दिया र कैलाली जिल्लामा केही मुक्त कमैयालाई पुनःस्थापना गर्ने कार्य बाँकी नै रहेकोमा तिनीहरुलाई जग्गा उपलब्ध गराउन नसकिने देखिएको हुँदा जग्गा खरिद गर्न अनुदानको रुपमा रकम नै दिई मुक्त कमैयालाई यथाशिघ्र पुनःस्थापन गराउन र दाङ, बाँके र कञ्चनपुर जिल्लामा सबै मुक्त कमैयालाई पुनःस्थापन गरी एक पटक जग्गा दिई सकिएकोमा केही मुक्त कमैयाको जग्गा भूमिहीन किसान, सुकुम्बासी, जोताहा किसानले अतिक्रमण गरेको, निकुञ्ज र करिडोर क्षेत्रमा परेको, डुवान क्षेत्रमा परेको वा बाढी पहिरोमा परेको हुँदा तिनीहरुलाई सम्भव भए सम्म अर्को जग्गा सट्टा भर्ना दिन र सम्भव नभएमा जग्गा खरिद गर्न अनुदान रकम दिई मुक्त कमैयाको समस्या समाधान गर्न वान्छनिय भएकोले, नेपाल सरकारले यो “भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८” बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "जिल्ला समिति" भन्नाले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग गठन आदेश, २०६७ बमोजिम गठित जिल्ला समितिलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालयलाई सम्झनुपर्छ।

(ग) "आयोग" भन्नाले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग सम्झनुपर्छ।

## परिच्छेद-२

## जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था

३. **मुक्त कमैयाले जग्गा पहिचान गर्नुपर्नेः** (१) पुनःस्थापन हुन बाँकी मुक्त कमैयाले दफा १२ बमोजिम प्राप्त गर्ने रकमले पुग्ने गरी आफूलाई पायक पर्ने स्थानमा खरिद गर्ने जग्गा आफूले पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा पहिचान गर्दा सम्भव भए सम्म यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, रोजगारी र आय आर्जनका अवसरहरु भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्भव भएसम्म मुक्त कमैयाले कम्तिमा दश परिवार बसिरहेको वा बस्नमिल्ने स्थानमा जग्गा खोजी गर्नुपर्नेछ।

४. **जग्गा खरिद गर्नको लागि अनुदान रकम प्राप्त गर्न निवेदन दिनु पर्नेः** मुक्त कमैयाले दफा ३ बमोजिम आफूले पहिचान गरेको जग्गा खरिद गर्नको लागि

अनुदान रकम प्राप्त गर्न अनुसूची (१) बमोजिमको ढाँचामा जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ।

५. **निवेदन उपर छानविन:** (१) दफा ४ बमोजिम प्राप्त निवेदन पेश भएपछि जिल्ला समितिले आवश्यकता अनुरुप सम्वन्धित प्राविधिकबाट स्थलगत निरिक्षण तथा जाँचवुझ लगायतका आवश्यक छानविन गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम स्थलगत निरिक्षण तथा जाँचवुझ गर्दा सम्वन्धित प्राविधिकले जग्गाको एकिन गरी खरिद गरिने जग्गाको ट्रेस नक्सामा रेखाकंन समेत गरी पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको छानविनबाट सो जग्गा खरिद गर्न जिल्ला समितिले जग्गाको मुल्य समेतको आधारमा उपयुक्त देखेमा अनुसूची -२ बमोजिमको ढाँचामा सम्झौता गराउनु पर्नेछ।

६. **भूमिसुधार तथा मालपोत कार्यालयलाई सिफारिस गर्ने:** (१) जिल्ला समितिले मुक्त कमैया र जग्गाधनी बीच दफा ५ को उपदफा (२) बमोजिमको सम्झौता भएपछि सो सम्झौता सहित जग्गा खरिद गर्नको लागि रकम उपलब्ध गराउन भूमिसुधार तथा मालपोत कार्यालयलाई कित्ता नम्बर र क्षेत्रफल सहित सिफारिस गर्नु पर्नेछ।

७. **जिल्ला समिति नभएको जिल्लामा जिल्ला समितिको काम भूमिसुधार अधिकारीले गर्ने:** जिल्ला समिति नभएको जिल्लाको हकमा दफा ४, ५ र ६ बमोजिम जिल्ला समितिले गर्ने काम भूमिसुधार अधिकारीले गर्नेछ।

८. **जग्गा रजिष्ट्रेशन गर्न मालपोत कार्यालयमा लेखी पठाउनु पर्ने:** (१) दफा ६ बमोजिम प्राप्त सिफारिस उपर आवश्यक जाँचबुझ गर्दा मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउन मनासिव देखेमा भूमिसुधार तथा मालपोत कार्यालयले जग्गा खरिद गरे वापतको रकम भुक्तानी हुने व्यवस्था गरी जग्गा रजिष्ट्रेशन गर्न मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा रजिष्ट्रेशन गर्न साविकको भूमिसुधार कार्यालयबाट लेखी आएमा हालको भूमिसुधार तथा मालपोत कार्यालयले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जग्गा रजिष्ट्रेशन गर्दा रजिष्ट्रेशन दस्तुर मिनाहा हुनेछ।

[१](४) जिल्ला समितिको निर्णयबाट जग्गा प्राप्त गर्ने मुक्त कमैयाले भोग गरेको जग्गा र कित्ता नं. फरक पर्न गएको अवस्थामा त्यस्तो घरजग्गा आपसी सहमतिमा राजिखुसीले सट्टा पट्टा गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर छुट हुने छ।

९. **अरुलाई हक हस्तान्तरण गर्न नपाउनेः** (१) मालपोत कार्यालयले दफा ७ बमोजिम रजिष्ट्रेशन गरी मुक्त कमैयाले खरिद गरेको जग्गाको जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी प्रमाणपूर्जामा हक हस्तान्तरण गर्न नपाउने व्यहोरा उल्लेख गर्नु पर्नेछ र मुक्त कमैयाले त्यस्तो जग्गा कसैलाई रजिष्ट्रेशन गरी हक हस्तान्तरण गर्न पाउने छैन।

तर प्रचलित कानून बमोजिम नामसारी गर्न बाधा पर्ने छैन।

१०. **अन्य दस्तुर भूमिसुधार तथा मालपोत कार्यालयले व्यहोर्ने** (१) दफा ७ बमोजिम मुक्त कमैयाको नाममा जग्गा रजिष्ट्रेशन गर्दा लाग्ने दरखास्त दस्तुर, टिकट दस्तुर र लिखत तयार गरे वापत प्रति लिखत पाँच सय[२] का दरले भूमिसुधार तथा मालपोत कार्यालयले व्यहोर्ने छ।

(२) उपदफा (१) बमोजिमको रकम भूमिसुधार तथा मालपोत कार्यालयले अनुदान रकमबाट खर्च गर्न सक्नेछ।

११. **अभिलेख राख्नुपर्नेः** (१) मुक्त कमैयाले खरीद गरेको जग्गाको अभिलेख सम्बन्धित मालपोत कार्यालय र भूमिसुधार तथा मालपोत कार्यालयमा राख्नुपर्नेछ।

---

१ पहिलो संशोधन, २०७२ द्वारा थप

२ पहिलो संशोधन, २०७२ द्वारा संशोधित (साविक दुई सय)

(२) उपदफा (१) बमोजिम अभिलेख राख्ने प्रयोजनको लागि मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन गरेपछि सो को विवरण भूमिसुधार तथा मालपोत कार्यालयमा पठाउनुपर्नेछ।

## परिच्छेद-३

## जग्गा खरिद गर्न दिइने अनुदान रकम सम्बन्धी व्यवस्था

१२. **अनुदान रकमको हदः** (१) परिच्छेद २ बमोजिम मुक्त कमैयालाई जग्गा खरिद गर्न दुइ लाख[३] रुपैंया सम्म अनुदान रकम दिइनेछ।

(२) मुक्त कमैयाले उपदफा (१) बमोजिमको रकमले खामे सम्म जतिसुकै जग्गा खरिद गर्न सक्नेछ।

१३. **रकमको व्यवस्थाः** मुक्त कमैयालाई जग्गा खरीद गर्न देहाय बमोजिमको रकम उपयोग गरिनेछः

(क) कृषि विकास बैंकमा रहेको भूमि बैंकको नामको खातामा रहेको रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) कुनै दातृ निकाय, संघ वा संस्थाबाट नेपाल सरकारलाई यस प्रयोजनका लागि प्राप्त रकम,

१४. **भूमि बैंकको नामको खातामा रहेको रकम भूमिसुधार तथा मालपोत कार्यालयलाई उपलब्ध गराउनु पर्नेः** (१) मुक्त कमैयाको लागि जग्गा खरिद गरिदिने प्रयोजनको लागि कृषि विकास बैंक केन्द्रीय कार्यालयले मन्त्रालयबाट अनुरोध भए बमोजिम आफ्नो कार्यालयमा भूमि बैंकको नाममा रहेको बैंक खाताको रकम सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

---

३ पहिलो संशोधन, २०७२ द्वारा संशोधित (साविक एक लाख पचास हजार)

(२) भूमि बैंकको नामको खातामा रहेको रकम स्थानान्तरण गर्ने, अनुदान रकम सञ्चालन गर्ने र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

१५ **रकमको भुक्तानी चेक मार्फत गर्नुपर्ने:** मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम भुक्तानी गर्दा चेक मार्फत गर्नु पर्नेछ।

## परिच्छेद-४

## जग्गा सट्टा भर्ना दिने सम्बन्धी व्यवस्था

१६. **जग्गा सट्टा भर्ना दिने सम्बन्धी व्यवस्था:** दाङ्ग, बाँके र कञ्चनपुर जिल्लामा एक पटक पुन:स्थापन गरी दिइसकिएको जग्गा भूमिहीन किसान, सुकुम्बासी, जोताहा किसानले अतिक्रमण गरेको, निकुञ्ज र कोरिडोर क्षेत्रमा परेको, डुवान क्षेत्रमा परेको वा वाढी पहिरोमा परेको कारण उपभोग गर्न नपाएको देखिएमा मन्त्रालयले वन तथा भू-संरक्षण मन्त्रालय र जिल्ला वन कार्यालय समेतको सहयोग लिई अर्को जग्गा सट्टा भर्ना दिने व्यवस्था गर्न सक्नेछ।

१७. **जग्गा सट्टा भर्ना दिन नसकेमा अनुदान रकम दिइने:** (१) दफा १६ बमोजिमका मुक्त कमैयालाई सो दफा अनुसार जग्गा सट्टा भर्ना दिन नसकिने भएमा परिच्छेद २ र ३ बमोजिम जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराईनेछ।

(२) यसरी अनुदान रकम प्राप्त गर्ने मुक्त कमैयाले साविकमा प्राप्त गरेको जग्गाधनी प्रमाणपूर्जा लगायतका श्रेस्ता जिल्ला समितिले बदर गरी नेपाल सरकारको नाममा कायम गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

१८. **थप जग्गा वा रकम माग गर्न नपाउने:** मुक्त कमैयाले यस कार्यविधि बमोजिम जग्गा प्राप्त गरिसकेपछि जग्गा नपुग भएको भनी थप जग्गा वा रकम माग गर्न पाउने छैन।

१९. **घर निर्माण खर्च र काठ उपलब्ध गराउने:** [४](१) मुक्त कमैयालाई देहाय वमोजिमको घर निर्माण खर्च र काठ वापतको रकम उपलब्ध गराइनेछः-

(क) घर निर्माण खर्च वापत पचपन्न हजार रुपैंया,

(ख) ३५ क्यू. फिट काठ वापत एकमुष्ट एकलाख रुपैंया।

(२) भूमिसुधार तथा मालपोत कार्यालयले उपदफा (१) को खण्ड (ख) बमोजिम आफ्नो सिफारिस सहित काठ कटान मुछान गर्न लाग्ने रकम/ज्याला जिल्ला वन कार्यालयमा पठाउनु पर्नेछ र त्यसरी सिफारिस र रकम/ज्याला प्राप्त भएको मितिले दुई महिना भित्र जिल्ला वन कार्यालयले मुक्त कमैयालाई काठ उपलब्ध गराउनु पर्नेछ।

२०. **उपसमिति गठन गर्न सक्ने:** (१) जिल्ला समितिले यस कार्यविधिमा उल्लिखित कुनै काम गर्न आवश्यकता अनुसार उप समिति गठन गर्न सक्नेछ।

(२) उप समितिको काम, कर्तव्य र अधिकार जिल्ला समितिले तोके बमोजिम हुनेछ।

२१. **साविकको काममा निरन्तरता दिनुपर्ने:** (१) मुक्त कमैया पुनःस्थापन जिल्ला समितिबाट गरिने पुनःस्थापनको कार्यलाई निरन्तरता दिन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन।

(२) यो कार्य प्रारम्भ हुनु अघि पुनःस्थापनको निर्णय भैसकेको तर कार्यान्वयन हुन नसकेका मुक्त कमैयाको हकमा त्यस्तो निर्णय कार्यान्वयन गर्न सकिने अवस्था भएमा सोही बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

२२. **कार्यबिधि कायम रहने अबधि:** यो कार्यबिधि नेपाल सरकारबाट स्विकृत भएको मितिले पुनःस्थापन कार्य सम्पन्न नभएसम्म कायम रहनेछ।

---

४ पहिलो संशोधन, २०७२ द्वारा संशोधित (साविक (१) जग्गा खरिद गर्न मुक्त कमैयालाई साविक बमोजिम देहायको घर निर्माण खर्च र काठ उपलब्ध गराइनेछः
(क) भूमिसुधार कार्यालयबाट घर निर्माण खर्च दश हजार रुपैंया,
(ख) जिल्ला वन कार्यालयबाट काठ ३५ क्यू. फिट)

२३. **<u>विवरण पेश गर्नु पर्नेः</u>** मुक्त कमैयालाई खरिद गरिएको जग्गाको विवरण तथा भूमि बैंक र अनुदान रकमबाट खर्च गरीएको खर्चको विवरण सम्बन्धित भूमिसुधार अधिकारीले मासिक रुपमा आयोग र मन्त्रालयलाई पठाउनु पर्नेछ।

२४. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधि वमोजिम जग्गा खरीद गरी पुनःस्थापन गर्ने गराउने सम्बन्धमा कुनै बाधा अड्काउ परेमा भूमिसुधार मन्त्रालयले बाधा अडकाउ फुकाउनेछ।

अनुसूची - १

(दफा ४ को प्रयोजनको लागि)

**मुक्त कमैयाले पेश गर्ने निवेदन ढाँचा**

मितिः .

श्रीमान् सदस्य सचिवज्यू,
मुक्त कमैया पुनःस्थापन जिल्ला समितिको कार्यालय,
भूमिसुधार तथा मालपोत कार्यालय, ..........................।

विषयः **जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराई पाउँ।**

म मुक्त कमैया परिचयपत्र प्राप्त परिवार हुँ। हालसम्म नेपाल सरकारबाट पुनःस्थापन वापत कहिँ कतै कुनै जग्गा प्राप्त गरेको छैन। हाल नेपाल सरकारद्धारा भूमिहीन मुक्त कमैयाहरुलाई जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहे बमोजिम मैले पनि उक्त कार्यक्रम अर्न्तर्गत जग्गा खरिद गर्न चाहेको हुँदा तपसिल बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु। अनुदान रकम उपलब्ध गराई जग्गा खरिद गर्ने गराउने आवश्यक व्यवस्था हुन अनुरोध गर्दछु। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

**खरिद गर्न चाहेको जग्गाको विवरण**

| | | |
|---|---|---|
| जिल्लाः | गा.पा./न.पा | वडा नं. |
| नक्सा सीट नं. | कि.नं. मध्ये | तर्फ क्षेत्रफल |
| खरिद मूल्य रु. | (अक्षरेपी... ... ... ... ... ) | |

जग्गाधनीको नामः
जग्गाधनीको ठेगानाः

| | |
|---|---|
| **संलग्न कागजातहरु** | निवेदकः |
| १) नेपाली ना.प्र.प.को प्रतिलिपि | नामः |
| २) परिचयपत्रको प्रतिलिपि | परिचय पत्र नं. |
| ३) जग्गाको नक्सा/प्रिन्ट | ठेगानाः |

जग्गाधनीको दस्तखतः

| | |
|---|---|
| | |
| दाँया | बाँया |

ल्याप्चे सही छाप

दस्तखतः

| | |
|---|---|
| | |
| दाँया | बाँया |

ल्याप्चे सही छाप

.......................................................................................................................

**कार्यालय प्रयोजनका लागि**

मुक्त कमैयाको नामः नागरिकता प्रमाण पत्र नं./जिल्ला

बाबुको नामः नागरिकता प्रमाण पत्र नं./जिल्ला

बाजे/ससुराको नामः नागरिकता प्रमाण पत्र नं./जिल्ला

पति/पत्नीको नामः नागरिकता प्रमाण पत्र नं./जिल्ला

ठेगानाः

परिचय पत्र नं. प्राप्त गरेको वर्षः परिचय पत्रको वर्गः "क" रातो "ख" निलो

यस अघि जग्गा पाए/नपाएकोः

**विवरण भर्ने कर्मचारीको**

नामः पदः दस्तखतः

**प्रमाणित गर्ने अधिकृत**

नामः पदः दस्तखतः

अनुसूची - २

(दफा ५(३) को प्रयोजनको लागि)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गिरबी निवारण मन्त्रालय, जिल्ला समिति/उपसमिति.... .... .को रोहवरमा मुक्त कमैया (क्रेता) र जग्गाधनी (विक्रेता) बीच भएको **सम्झौतापत्र**

नेपाल सरकार, भुमिसुधार तथा व्यवस्था मन्त्रालय, जिल्ला समिति/उपसमिति...... ..........को रोहवरमा मुक्त कमैया क्रेता (यसपछि पहिलो पक्ष भनिएको) श्री.................... .......बीच पहिलो पक्षले जग्गा खरिद गर्ने र दोश्रो पक्षले जग्गा विक्री गर्न देहायमा उल्लिखित शर्तहरु पालना गर्ने गरी दुबै पक्ष बीच सहमती भई भूमिसुधार तथा मालपोत कार्यालय......................मा बसी निम्न लिखित साक्षीहरुको रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

<u>**शर्त तथा अवस्थाहरु**</u>

१) जिल्ला......................गा.पा./न.पा...............वडा नं.......को .................... भन्ने ठाउँमा रहेको मेरो/हाम्रो................................ नामको नक्सा सिट नं........... कि.नं.................. को क्षेत्रफल................................को जग्गा मुक्त कमैया श्री....................................श्रीमती........................लाई विक्री गर्न मन्जुर भएको छौं।

२) पहिलो पक्षले रु..................(अक्षरेपी....................................) रकम दिए वापत दोश्रो पक्षले मालपोत कार्यालय, ...................मा गई पहिलो पक्षलाई आफ्नो नाममा रहेको जिल्ला.............. गा.पा/न.पा............. वडा

नं.......को कि.नं.............क्षे.फ..................अक्षरमा........................) जग्गा पहिलो पक्षको नाममा तुरुन्त लिखत पास गरी दिनेछ।

३) पहिलो पक्षले दोश्रो पक्षलाई जग्गा खरिद गरे वापत रु..................(अक्षरेपी.....................................) बैंकको चेक मार्फत भूमिसुधार तथा मालपोत कार्यालयले भुक्तानी दिनेछ।

| **<u>पहिलो पक्षको तर्फबाट</u>** | **<u>दोश्रो पक्षको तर्फबाट</u>** |
|---|---|
| नाम, थर, वतनः | नाम, थर, वतनः |
| वर्ष | वर्ष |
| ठेगानाः | ठेगानाः |
| दस्तखत | दस्तखत |
| | |
| साक्षी | साक्षी |
| नाम, थर, वतनः | नाम, थर, वतनः |
| वर्ष | वर्ष |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |

| | | |
|---|---|---|
| ..................... | ................. | ........................ |
| (तयार गर्ने) | (रुजु गर्ने) | (कार्यालय प्रमुख) |

इति सम्वत् २०.......साल..............महिना..................गते रोज................शुभम्